# भानुजयन्ती कार्यक्रम

**एलिसन सापकोटा**, जर्नलिजम कल्ब, कक्षा १०

असार २९ गते अर्थात भानुजयन्ती नेपाली भाषीहरुको महान पर्वको रुपमा चिनिन्छ । सिर्जना र साहित्यका संसारमा आदि कविका नामले चिनिने भानुभक्त आचार्य नेपाली भाषा साहित्यका आरम्भकर्ताका रुपमा पनि चिनिन्छन् । यिनै महान व्यक्तिको जीवनीबाट प्रेरणा लिँदै र उनको जन्मदिनलाई सम्झदैं नेपालीहरुले हरेक वर्षको असार २९ गतेलाई भानुजयन्तीको रुपमा मनाउँदै आएका छन् ।



यसै परम्परालाई निरन्तरता दिँदै युलेन्स स्कुलमा पनि आफ्नो भाषाको मौलिकता झल्काउने र विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा पनि अघि सार्ने र सिर्जनशील बनाउने उद्देश्यले उनीहरुका रचना र लेखनशैलीलाई प्रोत्साहन गर्न १९७ औं भानुजयन्ती कार्यक्रम आयोजना गरियो ।

कार्यक्रमको शुरुवात अतिथि कवि **अर्जुन पराजुली** र **नवराज कट्टेल** ज्यूहरुको आसन ग्रहण पछि भानुभक्तको तस्वीरमा माल्यार्पण गरी गरियो । सुवासना दाहाल (कक्षा ८) श्रेया शर्मा र एलिसन सापकोटा (कक्षा १०) का छात्राहरुद्वारा संयुक्त रुपमा सञ्चालन गरिएको उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मेदिनबहादुर लामिछानेले स्वागत मन्तव्य व्यक्त गर्नुभयो भने विद्यालयका नेपाली भाषाशिक्षक दुर्गाप्रसाद दाहालले भानुजयन्तीको महत्वमाथि प्रकाश पार्नुका साथै कविद्वय अर्जुन पराजुली र नवराज कडेँलज्यूको चिनारी  दिनुभएको थियो त्यसै गरी शिक्षक सुवास दाहालले मञ्चलाई सङ्गीतमय बनाउन रामायणको श्लोक सहितको मीठो धुन बजाएर सुनमा सुगन्ध भरिदिनुभयो ।

उक्त कार्यक्रममा आफ्नो व्यस्त समयका बाबजुद पनि हामीलाई प्रेरणा र प्रोत्साहन दिन पाल्नुभएका कवि नवराज कट्टेलले शार्दुलविक्रीडित छन्दमा **रुख** शीर्षकको कविता वाचन गर्नुभयो भने कवि अर्जुन पराजुलीले समय सान्दर्भिक थुप्रै व्यङ्ग्यात्मक कविताहरु प्रस्तुत गरेर सबैलाई हँसाउन सफल हुनुभयो । सोही अवसरमा विद्यालयका सबै तहका सिर्जनशील विद्यार्थीहरुले आफूले सिर्जना गरेका कविताहरु वाचन गरी सुनाए ।

उल्लाहासमय वातावरणमा सञ्चालन भएको उक्त कार्यकमलाई बिटमार्दै विद्यालयका सहायक प्रधानाध्यापक हिमलाल घिमिरेज्यूले सबैलाई धन्यवाद ज्ञापन  गरी कार्यकमको समापन गर्नुभयो ।